१. अस्पतालबाट प्रदान गरिरहेको विस्तारित स्वास्थ्य सेवा हाललाई २ हप्ताका लागि स्थगन गर्ने

२. नियमित Follow-up मा आउने बिरामीहरु (जसलाई तत्काल उपचार नगर्दा थप जोखिम हुदैन) लाई आउदो २ हप्तासम्म Follow-up मा नबोलाउने ।

३. नियमित जाँच तथा शल्यक्रियाहरु (जुन तत्काल नगर्दा बिरामीहरुलाई थप जोखिम हुदैन) आउदो २ हप्तासम्मका लागि स्थगन गर्ने ।

४. अस्पतालहरुले ज्वरोको लक्षण भएका बिरामीहरुलाई लक्षित गरी Fever Clinic संचालनमा ल्याउने र COVID-19 को सम्भावित संक्रमण देखिएमा सोही अस्पतालमा उक्त बिरामीहरुलाई आइओलेसनमा राखी नमूना संकलन गरी राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाउने ।

हाल सम्म शंकास्पद लक्षण देखिएका र क्वारेन्टाइनमा राखेका करिब ६ सय नमुनाको प्रयोगशाला परिक्षण गरिएकोमा सबैको नतिजा नेगेटिभ देखिएको छ ।गत मंगलवार चैत्र ४ गते फ्रान्सबाट कतारको दोहा हुदै काठमाडौं आएका र आफ्नै घरमा Home Quarantine मा रहेका एक नेपाली नागरिकको चैत्र ९ गते, आइतवार राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गर्दा कोभिड-१९ पोजेटिभ देखिएको छ । हाल नीज शुक्रराज सरुवा रोग अस्पतालमा Isolation मा राखी उपचार शुरु गरिएको छ।निजको परिवारका सदस्यलाइ Home Quarantine मा राखिएको जानकारी गराइन्छ ।नीजको उपचार र यस सम्वन्धित अन्य व्यवस्थापन मापदण्ड अनुरुप स्वास्थ्य तथा जनसंख्या मन्त्रालय बाट भैरहेको छ ।

......................

प्रवक्ता

मितिः २०७६/१२/१०